# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३] काठमाडौं, भाद्र १८ गते २०३० साल [अतिरिक्ताङ्क ३४

# शाही–सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सम्बाद सचिवालय
### राजदरवार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट असंलग्न राष्ट्रहरूको चतुर्थ शिखर सम्मेलनमा भाग लिइबक्सन अल्जियर्सतर्फ सवारी होइबक्सन अघि देशवासीका नाउँमा बक्सेको सन्देश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

प्यारा देशवासीहरू,

नेपाल र नेपालीको निरन्तर हित नै हाम्रो एकमात्र चिन्ताको विषय भएकोले यता केही समयदेखि हामीले नियमित रूपमा स्वदेशको भ्रमण गर्दै आएका छौं तापनि असंलग्नता हाम्रो परराष्ट्र नीतिको मूल आधार भएको हुँदा आज हामी अल्जेरियाका राष्ट्रपति महामहिम हुआरी बुमेदिनको निमन्त्रणामा अल्जियर्समा हुने असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमा भागलिन करीब एक हप्ताको निमित्त त्यहाँ जाँदैछौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दुई ठूला मित्रराष्ट्रहरूका बीचमा अवस्थित हाम्रो जस्तो भूपरिवेष्ठित देशको निम्ति असंलग्नताको के कति महत्त्व छ र असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनबाट विश्व शान्तिको दिशामा के कति योगदान हुन सक्छ भन्ने कुरा कुनैपनि चेतनशील व्यक्तिबाट छिपेको छैन। असंलग्नताको माध्यमबाट नै विश्व शान्तिको पक्षमा योगदान पुर्‍याउन सकिन्छ भन्ने नेपालको दृढनीति रही आएकोले यस सम्मेलनमा हामी आफैंले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरी त्यसतर्फ जान लागेका हौं। देशवासीहरूको सद्भावना र शुभेच्छाबाट हाम्रो यस प्रतिनिधि-मण्डलले आफ्नो उद्देश्य हासिल गर्नमा सफलता पाउनेछ भन्ने हामीलाई आशा छ।

हाम्रो अनुपस्थितिमा देशको संविधान, ऐन कानून र नीति नियमबमोजिम दैनिक शासन र विकाश कार्यहरूको संचालन गर्न गराउन मन्त्रिपरिषद् छँदैछ। त्यस अवधिमा हामीले गर्नुपर्ने कामको अभिभारा वहनगर्न हाम्रा उत्तराधिकारी नानी छोरा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव बाल्यावस्थामा नै रहेकाले हामीले हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरी बक्सेका छौं। विश्वास छ, हाम्रो अनुपस्थितिमा मन्त्रिपरिषद्को साथै पंच, निजामती कर्मचारी, शाहीसेना र प्रहरीका साथै समस्त राष्ट्र सेवक, साहुमहाजन, सन्तमहन्त, विद्यार्थी, शिक्षक र बुद्धिजीवी लगायत सबै देशवासी-हरूले देशमा अमनचैन कायम राखी विकाशको गतिलाई अगि बढाउन आ-आफ्नो क्षेत्रबाट सक्दो योगदान गर्ने छन्।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्।

जय नेपाल!

हुकुम बक्सेबमोजिम,
चिरनशमशेर थापा
श्री ५ महाराजाधिराजका सह संवाद सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।